फुङलिङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड-१० संख्या-२ मितिः २०८३।०२।०३

भाग-२

फुङलिङ नगरपालिका

“ फुङलिङ नगरपालिकाको व्याक हो लोडर सञ्चालन

सम्बन्धी कार्यविधि, २०८३”

**कार्यपालिका बैठकबाट पारित मितिः २०८३।०२।०१**

## ब्याक हो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०८३

**प्रस्तावनाः** फुङलिङ नगरपालिका क्षेत्रभित्रका सडकहरु तथा भौतिक पूर्वाधारको निर्माण तथा मर्मत सम्भार, विपद व्यवस्थापनका कार्यहरुमा मापदण्ड बमोजिम प्रयोग गर्नका लागि नगरपालिकाको स्वामित्वमा रहेको ब्याक हो लोडर सञ्चालन र व्यवस्थापनका लागि देहायका शर्त, बन्देजमा रही सञ्चालन गर्ने गराउने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी फुङलिङ नगरपालिकाको कार्यालयले ब्याक हो लोडर सञ्चालन कार्यविधि, २०८३ बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "फुङलिङ नगरपालिकाको ब्याक हो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएपश्चात तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(१) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

२) "नगरपालिका" भन्नाले फुङलिङ नगरपालिकालाई सम्झनु पर्दछ।

(३) " नगरसभा" भन्नाले फुङलिङ नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ।

(४) "प्रमुख" भन्नाले फुङलिङ नगरपालिकाका नगर प्रमुखलाई सम्झनु पर्दछ।

(५) "उपप्रमुख" भन्नाले फुङलिङ नगरपालिकाका नगर उपप्रमुखलाई सम्झनु पर्दछ।

(६) "नगर कार्यपालिका" भन्नाले फुङलिङ नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(७) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले फुङलिङ नगरपालिका, नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(८) "इञ्जिनियर" भन्नाले फुङलिङ नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा कार्यरत इञ्जिनियरलाई सम्झनु पर्दछ।

(९) "कार्यालय" भन्नाले फुङलिङ नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(१०) "ब्याक हो लोडर" भन्नाले फुङलिङ नगरपालिकाले सञ्चालनमा ल्याएको ब्याक हो लोडरलाई सम्झनु पर्दछ।

(११) "मेशिन" भन्नाले ब्यक्हो लोडरलाई सम्झनु पर्दछ।

३. **उद्देश्यः** कार्यालयबाट सञ्चालन गरिने सडक निर्माण तथा मर्मत सम्भार लगायत भौतिक पूर्वाधारका आयोजनाहरु, उपभोक्ता समितिद्वारा सञ्चालित आयोजनाहरु, स्थानीय सरकारी/गैर सरकारी संघ/संस्था लगायत निर्माण व्यवसायीद्वारा सञ्चालित विकास आयोजनाहरु तथा छिमेकी पालिकाहरुको विकास कार्यक्रमहरुमा माग भएअनुसार प्राथमिकताका आधारमा प्रयोगमा पठाउनका लागि आवश्यक भूमिका निर्वाह गर्नु नै कार्यविधिको प्रमुख उद्देश्य रहेको छ।

## परिच्छेद-२
## ब्याक हो लोडर सञ्चालन प्रक्रिया

४. **नगरपालिकाको आवश्यकता बमोजिम ब्याक हो लोडर सञ्चालन विधिः** फुङलिङ नगरपालिकामा रहेको ब्याक हो लोडर सञ्चालनका लागि देहायका प्रकृया पुरा भएपश्चात मात्र फिल्डमा खटाइनेछः

(१) नगरपालिका अन्तर्गतका सडकहरुको मर्मत सम्भार गर्नुपर्ने भएमा वा नगरपालिका अन्तर्गतका पूर्वाधार विकासका कार्यहरुमा प्रयोग गर्नुपर्ने भएमा ब्यक्हो लोडर सञ्चालन हुने सम्बन्धित वडा कार्यालयले नगरपालिकामा प्रयोजन खुलाई सिफारिस गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस प्राप्त भए पश्चात सम्बन्धित वडामा तोकिएका प्राविधिकले स्थलगत नापजाँच गरी लागत अनुमान तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्विकृत गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम स्वीकृत लागत अनुमान दफा १० बमोजिमको सञ्चालक समितिको बैठकमा पेश भई बैठकको निर्णयानुसार योजना शाखा प्रमुखले अनुसूची १ बमोजिमको ढाँचामा मेशिन फिल्डमा खटाउनाका लागि कार्यादेश उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम खटिएकोमा काम सम्पन्न भइसकेपछि फिल्डमा काम शुरु गर्नु पुर्व र सम्पन्न भए पश्चातको तस्विर अपरेटरले योजना शाखामा पेश गर्नु पर्नेछ।

(५) मेशिन खटिई गएको स्थानमा काम सम्पन्न गरी कार्यालय फिर्ता भएपश्चात मेशिन अपरेटरले कामको विवरणसहित मिटरका अद्यावधिक अभिलेख सहितको अनुसूची ३ बमोजिमको ढाँचामा लगबुक कार्यालय समक्ष पेश गर्ने पर्नेछ।

(६) मेशिन खटिई कार्यसम्पन्न भए पश्चात उपदफा (२) बमोजिम तोकिएका प्राविधिक कर्मचारीले स्विकृत लागत अनुमान बमोजिमको कार्य सम्पन्न भए नभएको सोको प्रतिवेद पेश गर्नुपर्नेछ।

(७) योजना शाखाले उपदफा (१), (२), (३), (४), (५) र (६) बमोजिमका अभिलेखहरु सुरक्षित राख्नुपर्नेछ।

(८) नगर सडक यातायात गुरुयोजना (MTMP), सडक ऐन र आवधिक योजनामा समावेश नभएका सडकहरुको ट्र्याक खोल्ने, मर्मत सम्भार अन्य जुनसुकै कार्यमा समेत मेशिन सञ्चालन गरिने छैन।

(९) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विपद्को कारणबाट अवरुद्ध सडक सुचारु गर्न तथा विपद् व्यवस्थापनको कार्यमा प्रयोग गर्नु परेमा प्रमुखको आदेशमा मेशिन फिल्डमा खटाई यस दफा बमोजिमको प्रक्रिया पुरा गरी अभिलेख राख्न बाधा पर्ने छैन।

५. **ब्याक हो लोडर भाडामा दिंदा अपनाउनु पर्ने कार्यविधिः**

(१) ब्याक हो लोडर माग गर्ने व्यक्ति वा संस्थाले अनुसूची २ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ।

(२) ब्याक हो लोडर माग गर्ने व्यक्ति वा संस्थाका माग निवेदन उपर प्रमुख प्रशासकीय अधिकृतबाट तोक आदेश भएपश्चात मेसिन माग गरिएको समय र सो बराबरको कार्यालयले तोके अनुसारको शुल्क अग्रिम कार्यालयमा नगदै वा तोकिएको बैंकमा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रकृया पुरा भए पश्चात नगरपालिकाको निर्माणको कामलाई बाधा नपर्ने गरी पहिले दर्ता भएको निवेदन र कामको प्रकृतिलाई समेत मध्यनजर गरी प्राथमिकताका साथ योजना शाखा प्रमुखले अनुसूची १ बमोजिमको ढाँचामा मेशिन फिल्डमा खटाउनका लागि कार्यादेश उपलब्ध गराउनु पर्नेछ।

(४) ब्याक हो लोडर अपरेटरलाई कार्यालयको स्वीकृत लिखित आदेश बिना कुनै स्थान विशेषमा मेशिन लगी काम गर्ने गराउने अधिकार रहने छैन।

(५) निवेदकले माग गरिएको समयभन्दा बढी समयसम्म कामकाज गर्नु गराउनु पर्ने भएमा मेशिन अपरेटरले तत्काल प्रमुख प्रशासकीय अधिकृतलाई खबर गरी थप कार्यादेश लिएर थप समयको रकम अग्रिम नगरपालिकामा जम्मा गर्न लगाएर मात्र मेशिन सञ्चालन गर्नुपर्नेछ।

(६) मेशिन फिल्डमा खटाउँदा कार्यालय कम्पाउण्डदेखि काम सम्पन्न गरी पुनः कार्यालय फिर्ता भएसम्मको समयको गणना गरी कार्यालयको दररेट अनुसारको शुल्क मेशिन प्रयोगकर्ताले बुझाउनु पर्नेछ।

(७) मेशिन खटिई गएको स्थानमा काम सम्पन्न गरी कार्यालय फिर्ता भएपश्चात मेशिन अपरेटरले कामको विवरणसहित मिटरका अद्यावधिक अभिलेख कार्यालय समक्ष अनुसूची ३ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ।

(८) ब्याक हो लोडर काममा खटिई तोकिएको समयभन्दा अगावै काम सम्पन्न भई प्रयोगकर्ताको रकम .सञ्चित रहेको खण्डमा मेशिन अपरेटर र योजना शाखा वा प्राविधिक शाखाको सिफारिसका आधारमा मात्र नियमानुसार सञ्चित समय वापत हुन आउने रकम जम्मा गर्न निवेदकलाई फिर्ता गरिनेछ।

(९) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिका क्षेत्रभित्र उपभोक्ता समितिमार्फत सञ्चालित नगर स्तरीय र वडा स्तरीय आयोजनाको हकमा मेशिन प्रयोग गर्नु पर्दा स्वीकृत लागत अनुमान बमोजिमको मेशिन प्रयोग गरी आयोजनाको रकम भुक्तानी हुँदा मेशिनको भाडाबापतको रकम कट्टी गरी दफा ७ बमोजिमको कोषमा जम्मा गरी बाँकी रकम उपभोक्ता समितिको नाममा भुक्तानी गर्ना बाधा पर्ने छैन।

६. **ब्याक हो लोडर सञ्चालन सेवा शुल्कः** (१) कुनै व्यक्ति वा संघ संस्थाबाट ब्याक हो लोडर माग भई आएमा सोको लागि लाग्ने सेवा शुल्क नगर सभाले स्वीकृत गरेको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ। तर आर्थिक ऐनमा व्यवस्था नभएसम्मका लागि नगर सभाबाट अनुमोदन गर्नेगरी नगर कार्यपालिका बैठकले तोके बमोजिम हुनेछ।

७. **ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन कोष सम्बन्धी ब्यवस्थाः**

(१) फुङलिङ नगरपालिकामा रहेको ब्याक हो लोडर सञ्चालनका लागि एक कोष स्थापना गरिनेछ। उक्त कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र नगरपालिकाको आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(२) कोषमा देहाय बमोजिमको रकम आम्दानी बाधिनेछ।

(क) ब्याक हो लोडर सञ्चालन वापतको सबै प्रकारको आम्दानी

(ख) नगरसभाबाट विनियोजित रकम

(३) कोषमा जम्मा भएको रकम देहाय बमोजिमको कार्यमा खर्च गर्न सकिनेछ।

(क) ब्याक हो लोडरको सञ्चालन, मर्मत सम्भार तथा इन्धन वापतको रकम भुक्तानी गर्न।

(ख) मेशिन अपरेटरको तलब भत्ता वापतको रकम भुक्तानी गर्न (भत्ता बापतको रकम भुक्तानिको लागि दफा १० बमोजिमको सञ्चालक समितिको बैठकको निर्णय र अनुसूची ३ बमोजिमको प्रमाणित लगबुक समेत आर्थिक प्रशासन शाखामा पेश गर्नु पर्नेछ।)

(ग) मेशिन सञ्चालन गरे वापत प्रचलित कानून बमोजिम नेपाल सरकारलाई तिर्नु पर्ने कर वापतको रकम।

(घ) मेशिन सञ्चालन गर्दा आइपर्ने विविध तथा भैपरी खर्च।

(४) कोषको लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ।

(५) प्रत्येक आर्थिक बर्षको अन्त्यमा कोषको रकम आन्तरिक आम्दानीको रुपमा नगरपालिकाको सञ्चित कोषमा आम्दानी बाधिनेछ।

८. **इन्धन तथा मर्मत सम्बन्धी व्यवस्थाः** (१) मेशिन अपरेटरले इन्धन तथा लुब्रिकेन्टस् माग गर्दा कार्यालयले निर्धारण गरेको फाराम भरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ । इन्धन तथा लुब्रिकेन्टस खपतको अद्यावधिक लगत, मेशिन अपरेटरले तयार गरी इन्जिनियरको सिफारिस सहित पेश गर्नु पर्नेछ ।

(२) इन्धन तथा लुब्रिकेन्टस र मर्मतसम्बन्धी सम्पूर्ण कार्यको विस्तृत लगत नगर कार्यपालिकाको कार्यालयको जिन्सी शाखामा अद्यावधिक राखिनेछ ।

(३) मेशिन बिग्रिई सञ्चालन गर्न नसकिने भएमा अपरेटरले अनुसूची ४ बमोजिमको ढाँचामा कार्यालयमा लिखित जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको जानकारी प्राप्त भएपछि जिन्सी शाखाले वर्कसपमा चेकजाँच गराई मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण माग गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ । (नियमित सर्भिसिङको हकमा बाहेक अन्य मर्मत कार्यमा १ (एक) लाख भन्दा माथिको मर्मत कार्यको लागि अनिवार्य रुपमा मेकानिकल इन्जिनियरको सिफारिस) प्रमुख प्रशासकीय अधिकृतबाट स्विकृत भएपश्चातमात्र मर्मत सम्भारको कार्य गरिनेछ ।

(५) मर्मत सम्भार कार्य गर्दा गराउँदा मेशिन अपरेटर वा इन्जिनियर वा जिन्सि शाखाको प्रतिनिधि वर्कसपमा रहनु पर्नेछ ।

९. **अपरेटर सम्बन्धी व्यवस्थाः**

(१) ब्याक हो लोडर सञ्चालन गर्न एकजना अपरेटर रहनेछ ।

(२) अपरेटरको नियुक्ति नगरपालिकाको करार सेवामा कर्मचारी नियुक्ति गर्ने कार्यविधि बमोजिम हुनेछ ।

(३) अपरेटरको तलब स्केल नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ । तलब स्केलका अतिरिक्त मेशिन सञ्चालन भएको अवधिको प्रतिघण्टा रु.१००। (अक्षरेपी एक सय मात्र) का दरले भत्ता उपलब्ध गराइनेछ ।

(४) अपरेटरको जिम्मेवारी तथा कर्तब्य करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(५) अपरेटरले कार्यालयले दिएको कार्य विवरण र निर्देशन विपरित काम गर्नाले कार्यालयलाई हानी नोक्सानी हुन गएमा तत्काल एकतर्फी करार सेवा भङ्ग गरी क्षतिपूर्ति असुल उपर गरिनेछ ।

१०. **ब्याक्हो लोडर सञ्चालक समितिः** (१) ब्याक हो लोडर मेसिनलाई सञ्चालन तथा व्यवस्थापनका लागि नगर प्रमुखको संयोजकत्वमा तपसिल बमोजिमको एक समिति रहने छः

| | |
|---|---|
| (क) नगर प्रमुख | - संयोजक |
| (ख) नगर उप-प्रमुख | - सह संयोजक |
| (ग) पूर्वाधार विकास समिति संयोजक | - सदस्य |
| (घ) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ङ) लेखा शाखा प्रमुख | - सदस्य |
| (च) संयोजकले तोकेको ईन्जिनियर एक जना | - सदस्य |
| (छ) योजना शाखा प्रमुख | - सदस्य सचिव |

(२) सञ्चालक समितिले आवश्यकता अनुसार ब्याक हो लोडर सञ्चालनको अवस्था तथा सोको अनुगमन निरीक्षण गर्न सक्नेछ ।

(३) मेशिनको सञ्चालन मर्मत सम्भार र सुरक्षाका सम्बन्धमा सञ्चालक समितिले आवश्यक निर्देशन दिन सक्नेछ ।

(४) सञ्चालक समितिले मेशिन सञ्चालन र व्यवस्थापन कार्यको जिम्मेवारी कार्यालयको कुनै शाखा नगर प्रहरी वा कुनै कर्मचारीलाई तोक्न सक्नेछ।

(५) सञ्चालक समितिको बैठक न्यूनतम महिनाको एक पटक बस्नेछ र आवश्यकता अनुसार जतिसुकै पटक पनि बस्न सक्नेछ। सो बैठकमा एक महिनाभित्र मेशिन खटिएको अनुसूची ३ बमोजिमको विवरण र सोबाट प्राप्त आय र ब्ययको विवरण सहितको दफा ७ बमोजिमको कोषको यथार्थ अवस्था बैठकमा पेश गरी अनुमोदन गराउनु पर्नेछ।

(६) बैठकको गणपुरक सङ्ख्या दुई तिहाई हुनेछ। बहुमत सदस्यको निर्णय मान्य हुनेछ।

## परिच्छेद-३
## विविध

**११. दायित्व र जिम्मेवारी सम्बन्धी व्यवस्थाः** (१) माइल मिटर र आवश्यक उपकरणसहित ब्याक्हो लोडर मेशिन चुस्त दुरुस्त राख्ने र इन्धन ल्युब्रिकेन्टस आदिको लगबुक अद्यावधिक राख्ने दायित्व मेशिन अपरेटरको हुनेछ।

(२) प्रमुख प्रशासकीय अधिकृतले यस कार्यविधि बमोजिम आफुलाई प्राप्त सबै वा केही अधिकार र जिम्मेवारी कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रदान गर्न सक्नेछ।

(३) प्रमुख प्रशासकीय अधिकृत, तोकिएको कर्मचारी, इन्जिनियर र जिन्सी शाखा प्रमुखले मेशिन चुस्त दुरुस्त रहे नरहेको ध्यान दिनु पर्नेछ।

**१२. कार्यविधि संशोधनः**नगर कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ।

**१३. बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै किसिमको द्वविधा उत्पन्न भएमा वा बाधा अड्काउ आई परेमा कार्यविधिको व्याख्या गर्ने र बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकामा रहनेछ।

## अनुसूची-१
## (दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

श्री ............................................................................ शाखा/इकाई,

**विषयः कार्यादेश प्रदान गरिएको सम्बन्धमा ।**

श्री ..................................................... को मिति ...................................... को निवेदन बमोजिम ब्याक हो लोडर सञ्चालन समितिको/कार्यालयको मिति ................................................ को निर्णयानुसार ब्याक हो लोडर सञ्चालन कार्यविधि, २०८२ को अधिनमा रही तपशिल बमोजिम सञ्चालनका लागि अनुमति प्रदान गरिएको छ।

**<u>तपसिलः</u>**

| खटिइएको वडा र स्थान | नगरपालिकाबाट खटिने स्थानसम्म पुग्न लाग्ने अनुमानित समय | कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय | जम्मा समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |

**योजना शाखा प्रमुख**

## अनुसूची-२
### (दफा ५ को उपदफा (१) सँग सम्बन्धित)
### ब्याक हो लोडर माग निवेदन

**मितिः**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
फुङलिङ नगरपालिकाको कार्यालय, ताप्लेजुङ ।

**विषयः ब्याक हो लोडर उपलब्ध गराई दिनहुन ।**

प्रस्तुत सम्बन्धमा फुङलिङ नगरपालिकाको कार्यालयले सञ्चालनमा ल्याएको ब्याक हो लोडरको नियमानुसारको शुल्क भुक्तानी गर्ने गरी देहायको कामका लागि देहायको व्यक्ति/संस्था/उपभोक्ता/समिति/कार्यालयलाई आवश्यक परेकोले देहायको विवरण भरी माग गर्दछु ।

**ब्याक हो लोडर माग गर्नेले भर्ने:**

| मेशिन माग गर्ने व्यक्ति/संस्था/उपभोक्ता/समिति/ कार्यालयको नाम र ठेगाना | कामको विवरण | मेशिन प्रयोग हुने स्थान | माग गरिएको समय र दिन | अनुमानित समय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

माग गर्नेको दस्तखतः
व्यक्ति/संस्था/उपभोक्ता/समिति/कार्यालयको छापः
कार्यालयले भर्नेः

| नगरपालिकाबाट खटिने स्थानसम्म पुग्ने लाग्ने अनुमानित समय | माग गरिएको समय र दिन | अनुमानित लाग्ने समय | अनुमानित समयको शुल्क | जम्मा गर्नुपर्ने शुल्क रु |
|---|---|---|---|---|
| | | | | |

................ .................... ..........................
पेश गर्ने परीक्षण गर्ने सिफारिस गर्ने

**राजश्व शाखाले भर्नेः**

| रसिद नं. र मिति | जम्मा गरिएको रकम | रकम बुझ्नेको दस्तखत |
|---|---|---|
| | | |

...................
स्विकृत गर्ने

अनुसूची-३

(दफा ४ को उपदफा (५) र दफा ५ को उपदफा (७) सँग सम्बन्धित)

फुङलिङ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

फुङलिङ, ताप्लेजुङ ।

## सवारी साधन र मेसिन प्रयोगको लगबुक

**सवारी साधनको विवरणः** **अपरेटरको नामः**

| मिति | ठाउँ | | किलोमिटर/घण्टा | | जम्मा घण्टा/ कि.मि. | पेट्रोलियम पदार्थ | | | | | सवारी /मेसिनरी प्रयोगको उद्देश्य | अपरेटरको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बाट | सम्म | बाट | सम्म | | डिजेल/ अन्य | लुब्रिकेन्ट | ग्रिज | गेयर आयल | अन्य | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ८ | ९ | १० | ११ | १२ | १३ | १५ | १६ |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

**सिफारिस गर्ने**
**(प्राविधिक कर्मचारी)**

**रुजु गर्ने**
**(योजना शाखा प्रमुख)**

**प्रमाणित गर्ने**
**(प्रमुख प्रशासकीय अधिकृत)**

## अनुसूची-४
## (दफा ८ को उपदफा (३) सँग सम्बन्धित)
## ब्याक्हो लोडर मर्मत सम्बन्धमा ।

**मितिः**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
फुङलिङ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, ताप्लेजुङ ।

**विषयः ब्याक हो लोडर मर्मत सम्बन्धमा ।**

प्रस्तुत सम्बन्धमा यस कार्यालय सञ्चालनमा ल्याएको ब्याक हो लोडरको तपसिलमा उल्लेखित नियमित सर्भिसिङ तथा पार्टसमा खराबी आई सञ्चालनमा बाधा परेकोले चेकजाँच गराई मर्मतको व्यवस्था मिलाई दिनहुन यो निवेदन पेश गर्दछु ।

**तपसिलः**

| **नियमित सर्भिसिङ/समस्या आएका सामान वा पार्टसको विवरण** | **परिमाण** | **सामान मर्मत गराउने वा फेर्नुपर्ने** | **कैफियत** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

मेशिन अपरेको दस्तखतः
नामः
मितिः
उपरोक्त सामान फेर्नु पर्ने र मर्मत गर्नु पर्ने देखिएकोले सिफारिस गर्दछु ।

सिफारिस गर्ने प्रमुखको/इन्जिनियरको दस्तखतः
नामः
मितिः

स्विकृत गर्नेको दस्तखतः
नामः
मितिः

## समाप्त

**आज्ञाले**
**मोहन लाल पनेरु**
**प्रमुख प्रशासकीय अधिकृत**